नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्याः- ६४५ 		मिति २०७२/०५/२

नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय, इजाजतपत्र प्राप्त "क" र राष्ट्रिय स्तरका "ख" वर्गका बैंक तथा वित्तीय संस्थाहरु ।

विषय :- नेपालमा स्थापना भएका कुनै फर्म/कम्पनी वा संस्थाले विदेशी फर्म/ कम्पनी वा संस्थाबाट लिएको सेवाको भुक्तानीको लागि सटही सुविधा प्रदान गर्ने सम्बन्धमा ।

महाशय,

नेपालमा स्थापना भएका कुनै फर्म, कम्पनी वा संस्थाले विदेशस्थित सेवा प्रदायक (फर्म, कम्पनी वा संस्था) सँग सम्झौता गरी नेपालमा सेवा दिए वापतको रकम सटही सुविधा प्रदान गर्ने कार्यलाई थप व्यवस्थित बनाउने सम्बन्धमा देहाय बमोजिमको व्यवस्था गरी सूचना जारी गरिएकोले सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

भवदीय,

(भिष्मराज ढुङ्गाना)
कार्यकारी निर्देशक

**बोधार्थः**

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा ।
४. श्री नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय ।
५. श्री नेपाल सरकार, उद्योग मन्त्रालय, उद्योग विभाग ।
६. श्री नेपाल सरकार, लगानी बोर्डको कार्यालय ।
७ श्री नेपाल सरकार, सूचना तथा सन्चार मन्त्रालय ।
८. श्री नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ।
९. श्री नेपाल सरकार, ऊर्जा मन्त्रालय, विद्युत विकास विभाग ।
१०. श्री नेपाल दुरसन्चार प्राधिकरण ।
११. श्री नेपाल नागरिक उड्डयन प्राधिकरण ।
१२. श्री नेपाल धितोपत्र वोर्ड ।
१३. श्री बीमा समिति ।
१४. श्री नेपाल सरकार, चलचित्र विकास वोर्ड, नेपाल ।
१५. श्री समाज कल्याण परिषद ।
१६. श्री बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
१७. श्री बैंक सुपरिवेक्षण विभाग ।
१८. श्री विकास बैंक सुपरिवेक्षण विभाग ।
१९. श्री आन्तरिक लेखा परीक्षण विभाग ।
२०. श्री सूचना प्रविधि विभाग ।
२१. श्री नेपाल बैंकर्स संघ ।
२२. श्री डेभलपमेण्ट बैंकर्स एशोसियसन ।
२३. श्री नेपाल उद्योग वाणिज्य महासंघ ।
२४ श्री नेपाल उद्योग परिसंघ ।

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

## नेपालमा स्थापना भएका कुनै फर्म/कम्पनी वा संस्थाले विदेशी फर्म/ कम्पनी वा संस्थाबाट लिएको सेवाको भुक्तानीको लागि सटही सुविधा प्रदान गर्ने सम्बन्धी

## सूचना

आर्थिक वर्ष २०७२/७३ को मौद्रिक नीतिमा उल्लेखित नीति कार्यान्वयन गर्ने सम्बन्धमा नेपालमा स्थापना भएका कुनै फर्म, कम्पनी वा संस्थाले विदेशस्थित सेवा प्रदायक (फर्म, कम्पनी वा संस्था) सँग सम्झौता गरी नेपालमा सेवा दिए वापतको रकम सटही सुविधा प्रदान गर्ने कार्यलाई थप व्यवस्थित बनाउने सम्बन्धमा मिति २०७२।४।२७ को निर्णयानुसार देहाय बमोजिमको व्यवस्था गरिएकोले सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपालमा स्थापना भएका कुनै फर्म, कम्पनी वा संस्थाले विदेशी फर्म, कम्पनी वा संस्थाबाट लिएको सेवाको भुक्तानीको लागि सटही सुविधा प्रदान गर्ने सम्बन्धमा गरिएको व्यवस्था**

नेपालमा स्थापित कुनै फर्म, कम्पनी वा संस्थाले विदेशस्थित सेवा प्रदायक (फर्म, कम्पनी वा संस्था) सँग सम्झौता गरी नेपालमा सेवा दिए वापतको रकम भुक्तानी दिने सम्वन्धमा विदेशी विनिमय नियमित गर्ने ऐन, २०१९ को दफा १२ को अधिकारलाई प्रयोग गरी देहायको व्यवस्था गरिएको छ ।

१. प्रचलित व्यवस्था बमोजिम विदेशी फर्म, कम्पनी वा संस्थासँग सेवा लिए वापत भुक्तानीका लागि अमेरिकी डलर १०,००० वा सो बराबर सम्मको परिवर्त्य विदेशी मुद्राको सटही सुविधा आवश्यक कागजातका आधारमा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाबाट उपलब्ध हुनेछ ।

२. नेपालमा दर्ता भएका फर्म, कम्पनी वा संस्थाले अमेरिकी डलर १०,००० भन्दा बढीको विदेशी विनिमयमा दायित्व सृजना हुने गरी विदेशस्थित कुनै सेवा प्रदायकसँग सम्झौता गर्नु परेमा वा सेवा वापतको भुक्तानी गर्नु पर्ने भएमा आफनो नियामक निकायसमक्ष निवेदन दिई स्वीकृति वा सिफारिस प्राप्त गर्नु पर्नेछ । सिफारिस गर्ने नियामक निकायले सो सेवा वा कार्य सम्पन्न भए वापत पठाउने रकम यकिन गरी विद्यमान व्यवस्था बमोजिम यस बैंक समक्ष सटही सुविधा उपलब्ध गराउन सिफारिस गर्नु पर्नेछ ।

३. विदेशस्थित सेवा प्रदायकसंग अमेरिकी डलर १०,००० भन्दा बढी रकमको सम्झौता गरी विदेशी मुद्रा सटहीका लागि यस बैंकसमक्ष स्वीकृति माग गर्दा देहायका कागजात पेश गर्नु पर्नेछ :

(क) फर्म, कम्पनी वा संस्था दर्ता प्रमाणपत्र ।

(ख) कर चुक्ता भएको कागजात ।

(ग) पछिल्लो लेखापरीक्षण प्रतिवेदन ।

(घ) सेवा प्रदान गर्ने संस्थासँग गरेको प्रमाणित सम्झौता र सेवा उपलब्ध गराएको कागजात र बिलबिजक ।

(ङ) सम्झौता बमोजिम गरेको कार्यको विवरण सहित संचालक समितिबाट सटही सुविधा माग गर्ने सम्वन्धमा भएको निर्णयको प्रतिलिपि र विदेशी मुद्रा अपचलन भएमा यस्को सम्पूर्ण जिम्मेवारी लिने स्वघोषणा ।

(च) काम सम्पन्न भएको पुष्ट्याइँ हुने कागजातहरु ।

(छ) काम प्रदान गर्ने संस्था (Employer) बाट भुक्तानी प्राप्त भएको भए रकम खुल्ने कागजात र बैंक स्टेटमेण्ट ।

(ज) नियामक निकायको सिफारिस ।

४. बुँदा ३ को (ज) वमोजिमको सिफारिस लिने सन्दर्भमा नियामक निकाय यकिन हुन नसकी सिफारिस प्राप्त हुन नसकेको अवस्थामा देहाय बमोजिम हुनेछ ।

(क) अमेरिकी डलर ५०,००० वा सो वरावरको परिवर्त्य विदेशी मुद्रासम्मको सटही सुविधा आवश्यक कागजातको आधारमा (माथि वुँदा नं. ३ को (क देखि छ सम्मका) कागजात) यस बैंकले विद्यमान व्यवस्था बमोजिम सटही सुविधा दिन सक्नेछ । यस प्रयोजनको लागि कम्पनी वा उद्योगको हकमा सम्बन्धित उद्योग विभाग वा कम्पनी रजिष्ट्रार कार्यालयले सिफारिस हुन सक्ने नसक्ने सम्वन्धमा यस बैंकलाई जानकारी उपलब्ध गराउनु पर्नेछ ।

(ख) विदेशस्थित फर्म, कम्पनी वा संस्थासँग अमेरिकी डलर ५०,००० भन्दा बढीको सेवा लिनु अघि अनिवार्य रुपमा यस बैंकको पूर्व स्वीकृति लिनु पर्नेछ । यसरी पूर्व स्वीकृति लिनु पर्दा माथि बुँदा ३ को (क) देखि (ङ) सम्मका कागजात सहित निवेदन दिनु पर्नेछ ।

५. यो व्यवस्था लागू हुनु पूर्व नियमनकारी निकाय यकिन नभएको वा नियामक निकायको सिफारिस प्राप्त हुन नसकेका कुनै फर्म, कम्पनी वा संस्थाले यस बैंकको स्वीकृति नलिई विदेशी फर्म, कम्पनी वा संस्थाबाट परामर्श तथा अन्य सेवा लिइसकेको भए सोको भुक्तानीका लागि ६ महिनाभित्र यस बैंक समक्ष निवेदन दिई सटही सुविधा लिइसक्नु पर्नेछ ।

सूचना प्रकाशन मितिः २०७२/५/२

(भिष्मराज ढुंगाना)
कार्यकारी निर्देशक